# मानव अधिकार रक्षकहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणपत्र-२०७४

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र यसको परिपालनाको लागि निरन्तर क्रियाशील मानव अधिकार रक्षकहरूको दोस्रो राष्ट्रिय सम्मेलन-२०७४ कार्तिक २६ र २७ गते ललितपुरमा सम्पन्न भयो । सम्मेलनमा देशका सातवटै प्रदेशबाट २१७ जना मानव अधिकार रक्षकको सहभागिता थियो । राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकको क्षमता सवलीकरणका लागि निरन्तर तालिम, प्रशिक्षण, सहकार्य गर्दै आएको सन्दर्भमा देशका विभिन्न जिल्लामा कार्यरत मानव अधिकार रक्षकहरुको आग्रहमा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार रक्षकहरूको दोस्रो राष्ट्रिय सम्मेलन गरेको हो । सम्मेलनमा देशको समग्र "मानव अधिकारको अवस्था र चुनौती", "मानव अधिकार रक्षकको वर्तमान अवस्था र चुनौती", "संक्रमणकालीन न्यायका संयन्त्रहरुको प्रभावकारिता र भावी कार्यदिशा", "नेपालको आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको अवस्था र चुनौती", "नेपालमा सामूहिक अधिकारको अवस्था" तथा देशका सात वटै प्रदेशबाट त्यस क्षेत्रको समग्र मानव अधिकार अवस्था सम्बन्धमा विज्ञहरूद्वारा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । ती कार्यपत्रहरूमाथि भएका टिप्पणीका साथै सहभागीहरूद्वारा प्राप्त सुझाव र छलफलका आधारमा यो सम्मेलन निम्न प्रस्तावहरू पारित गर्दछ -

**यो सम्मेलन -**

१. मानवअधिकार रक्षकको अन्तर्राष्ट्रिय घोषणा-१९९८, राष्ट्रिय मानव अधिकार आयोगद्वारा पारित मानव अधिकार रक्षकहरू सम्बन्धी मार्ग निर्देशिका-२०६९ र मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका-२०६९ को प्रभावकारि कार्यान्वयनका लागि ध्यानाकर्षण गर्दछ ।

२. नेपाल सरकारले मानव अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिबद्धतालाई धन्यवाद दिदैं अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुसारको राष्ट्रिय कानून र प्रभावकारी संयन्त्र निर्माण र कार्यान्वयनको लागि आग्रह गर्दछ ।

३. नेपाल सरकारको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको नदेखिँदा सो को प्रभावकारी कार्यान्वयन र स्थानीय तहसम्म संयन्त्र निर्माणका लागि आग्रह गर्दै राष्ट्रिय मानव अधिकार आयोगबाट राष्ट्रिय कार्ययोजनाको प्रभावकारी अनुगमनका लागि आयोगलाई आग्रह गर्दछ ।

४. दश वर्षे शसस्त्र द्वन्द्व समाप्त भई द्वन्द्वकालीन घटनाको सत्य तथ्य जाँचबुझका लागि गठित संक्रमणकालीन संयन्त्रहरू सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको प्रभावकारीतामा अझै पनि आंशका रहेकाले द्वन्द्व पीडितहरूले न्याय र परिपूरण पाउने अधिकारको सुनिश्चिताको लागि अन्तर्राष्ट्रिय मापदण्डहरू र सर्वोच्च अदालतको आदेश तथा राष्ट्रिय मानव अधिकार आयोगको सुझाव तथा सिफारिस बमोजिम आवश्यक कानूनी व्यवस्था गर्दै संक्रमणकालीन न्यायका संयन्त्रहरूलाई थप प्रभावकारी रुपमा काम गर्न आग्रह गर्दछ ।

५. मानव अधिकार हनन्का घटनाहरुको बारेमा राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारलाई भएको सिफारिशको प्रभावकारी कार्यान्वयन नभएको पाइएकाले तत्काल आवश्यक कानूनी व्यवस्था गर्दै आयोगबाट भएको सिफारिश बमोजिम आरोपित व्यक्ति र पदाधिकारीलाई कानूनी दायरामा ल्याउन, संविधान र कानुन अनुसार आयोगलाई मानवअधिकार उल्लंघनकर्ताको सूची तत्काल जारी

गर्न र अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दछ ।

६. नेपाल आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र-१९६६ को पक्षराष्ट्र भैसकेको परिप्रेक्ष्यमा सो बमोजिम राष्ट्रिय कानूनको तर्जुमा गर्न आग्रह गर्दछ । साथै, सामूहिक अधिकारको सन्दर्भमा युगौंदेखि सीमान्तकृत अवस्थामा बाँच्न वाध्य दलित, आदिवासी, मधेसी, मुस्लिम, कमैया, हलिया, कमलरिका अधिकार, दुर्गम क्षेत्र, अल्पसंख्यक समुदायलगायत महिला, बालबालिका, जेष्ठ नागरिक, युवाहरूको रोजगारीको अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण र सहभागिताको अधिकारलाई सुनिश्चित गर्न सम्वन्धित सरोकारवालाहरूलाई आह्वान गर्दछ । विनासकारी भूकम्प र बाढीपहिरो प्रभावितहरूका समस्या र गुनासालाई तत्काल सम्बोधन गरी पुर्ननिर्माण प्रक्रियालाई प्रभावकारी बनाउन जोडदार माग गर्दछ ।

७. नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित महत्वपूर्ण दस्तावेजद्वारा प्रदत्त महिला अधिकार, बालबालिकाको अधिकार, अपाङ्गता भएका व्यक्तिका अधिकार, आदिवासी जनजातीका अधिकारसँग सम्बन्धित दस्तावेज अनुसारको राष्ट्रिय संयन्त्रको निर्माण गरेर उल्लेखित अधिकारको व्यवहारिक रुपमा कार्यान्वयनका लागि पहल गर्न नेपाल सरकारसँग आग्रह गर्दछ ।

८. संविधानको मौलिक हकको कार्यान्वयनका लागि संविधान जारी भएको ३ वर्षभित्र तर्जुमा गर्नुपर्ने र प्राथमिकताका साथ कानून निर्माण गरी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न नेपाल सरकारसँग आग्रह गर्दछ ।

९. राष्ट्रिय मानव अधिकार आयोगले मुलुकभरमा मानव अधिकार रक्षकलाई सहभागि गराई दोस्रो राष्ट्रिय सम्मेलन आयोजना गरेकोमा आयोगलाई धन्यवाद दिदैं मानव अधिकार रक्षकको प्रादेशिक र राष्ट्रिय सम्मेलन कम्तिमा हरेक ३/३ वर्षमा आयोजना गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई जोडदार आग्रह गर्दछ ।

१०. मानव अधिकार रक्षक ऐन जारी गरी त्यसको संयन्त्रको निर्माण गरी कार्यान्वयनमा ल्याउन सरकारसँग जोडदार माग गर्दछ ।

११. स्थानीय तहलाई मानवअधिकारमैत्री बनाउदैं महिला, बालबालिका, जेष्ठ नागरिक, दलित र पछाडि पारिएका वर्ग र समुदायहरूको आवश्यकतामा आधारित योजना र विकास कार्यमा ध्यान दिन, मानव अधिकारमुखी विकास पद्दतिको अवलम्बन गर्न सम्वन्धित सरोकारवालाहरूलाई आग्रह गर्दछ ।

१२. मानव अधिकार रक्षकहरूको सुरक्षा, व्यक्तिगत क्षमता बृद्धि र तालिम प्रदान गरी सक्षम मानवअधिकार रक्षक बनाउन र मानव अधिकार रक्षकहरूको दक्षता, क्षमता र योग्यतालाई कदर र सम्मान गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई आग्रह गर्दछ ।

१३. राज्यको पुर्नसंरचना भएको वर्तमान सन्दर्भमा मानवअधिकार आयोगलाई केन्द्रीकृत मात्र नभएर प्रदेश र जिल्ला तहसम्म विस्तार गरी कार्यालय वा प्रतिनिधिको व्यवस्था गर्न मानव अधिकार आयोगलाई आग्रह गर्दछ ।

१४. आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सबै राजनीतिक दल र उम्मेदवारहरूलाई आग्रह गर्दै मतदान प्रक्रियामा सहभागिता जनाउन सबै मतदाताहरूलाई आग्रह गर्दछ ।

१५. मानवअधिकार रक्षकहरूको व्यावसायिक र पेशागत सुरक्षाको लागि प्रभावकारी संयन्त्रको व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्दछ ।

१६. राष्ट्रिय मानव अधिकार आयोगले सिफारिस गरिसकेको आप्रबासी कामदार र तिनीहरूका परिवारको अधिकार संरक्षण सम्बन्धि महासन्धि र बेपत्ता पारिएका व्यक्तिहरूको अधिकार सम्वन्धी महासन्धि अनुमोदन प्रक्रियामा लैजान नेपाल सरकालाई आग्रह गर्दछ ।

१७. संविधान कार्यान्वयनका सन्दर्भमा निर्माण र जारी गरिने संघीय, प्रादेशिक र स्थानीय तहका कानुनहरूलाई अनिवार्य रुपमा मानवअधिकारमैत्री बनाउन आग्रह गर्दछ ।

१८. संयुक्त राष्ट्रसंघीय समितिहरूमा प्रस्तुत गर्नुपर्ने आवधिक प्रतिवेदनहरू समयमा नै पेश गर्न र ती समितिहरूबाट प्राप्त सुझाव तथा सिफारिसहरूको कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।

१९. समय समयमा राष्ट्रिय मानवअधिकार आयोगको आर्थिक तथा क्रियात्मक स्वतन्त्रताको प्रयोगमा नेपाल सरकारबाट हुने असहयोग र हस्तक्षेप सदाका लागि अन्त्य गर्न नेपाल सरकारसँग अनुरोध गर्दछ ।

२०. राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरणका कारण दण्डहीनताको अवस्था विकराल देखिएको हुँदा त्यसको अन्त्यका लागि व्यावहारिक प्रतिबद्धता जनाउन सम्वन्धित राजनीतिक दलहरूलाई आग्रह गर्दछ ।

२१. मानव अधिकार रक्षकहरूको दोस्रो राष्ट्रिय सम्मेलनका सहभागी, सहयोगी र अतिथि सबैलाई धन्यवाद ज्ञापन गर्दै सम्मेलनबाट जारी घोषणाहरूलाई तत्काल कार्यान्वय गर्न सरोकारवाला सबैलाई अनुरोध गर्दछ ।

**मिति : २०७४ कार्त्तिक २७ गते**

**जावलाखेल, ललितपुर नेपाल**